नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग

(श्रम सम्बन्ध तथा ट्रेड युनियन व्यवस्थापन शाखा)
श्रमिक आपूर्तिकर्ता व्यवस्थापन

बबरमहल, काठमाडौं
नेपाल ।

प.सः ०८२/०८३
च.नः ६८

मितिः २०८२/०४/२२
ने.सं.११४५

## श्री सरोकारवाला सबै ।

बिषयः श्रमिक आपूर्तिकर्ता मार्फत आपुर्ति हुने श्रमिकहरुको न्यूनतम पारिश्रमिक, सेवा सुविधाको दररेट कार्यान्वयन सम्बन्धमा ।

नेपाल सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन, २०७४ को दफा १०६ बमोजिम संवत् २०८२ साल साउन १ देखि लागु हुने गरी मिति २०८२/०४/०५ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम निर्धारण गरिएको न्यूनतम पारिश्रमिक तथा श्रम ऐन, २०७४, नियमावली, २०७५ बमोजिम पाउनुपर्ने थप सेवा सुविधा सम्बन्धी संलग्न दररेट विवरण कार्यान्वयन गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

साथै संलग्न दररेट भन्दा कम हुनेगरी श्रमिक आपूर्ति गर्ने सम्बन्धी प्रस्ताव वा बोलपत्र पेश गर्ने रोजगारदाता तथा स्वीकृत गर्ने मुख्य रोजगारदाताहरुलाई श्रम ऐन, २०७४, श्रम नियमावली, २०७५ बमोजिम भई जाने व्यहोरा समेत आदेशानुसार अनुरोध छ ।

(ई. मणिनाथ गोप)
निर्देशक (प्रा.)

संवत् २०८२ साउन १ गते देखि लागु हुने गरी नेपाल सरकारद्धारा मिति २०८२/०४/०५ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिमको न्यूनतम पारिश्रमिक, सेवा तथा सुविधाको दररेट विवरण

| सि. नं. | श्रम ऐन, २०७४ र श्रम नियमावली, २०७५ | शिर्षक | मासिक रकम रु. | दैनिक रकम रु. | प्रति घण्टा रकम रु. | कैफियत | |
|---|---|---|---|---|---|---|---|
| क. न्यूनतम पारिश्रमिक | | | | | | | |
| १, | दफा १०६ | आधारभूत पारिश्रमिक | १२,१७०।०० | ४७०।०० | ६३।०० | नेपाल राजपत्रमा मिति २०८२।०४।०५ गते प्रकाशित र २०८२।०४।०१ गतेबाट लागु हुने | |
| २. | दफा १०६ | महंगी भत्ता | ७,३८०।०० | २८४।०० | ३८।०० | | |
| | | जम्मा (क) | १९,५५०।०० | ७५४।०० | १०१।०० | | |
| ख. सुविधा | | | | | | | रोजगारदाताबाट सामाजिक सुरक्षा कोषमा जम्मा योगदान २०%* १२,१७०= २,४३४।०० |
| ३ | दफा ५२ | संचयकोष (आधारभूत पारिश्रमिकको १०% रोजगारदाताले थप गर्नुपर्ने) | १,२१७।०० | | | ०.१०×१२,१७० | |
| ४ | दफा ५३ | उपदान (रोजगारदाताले आधारभुत पारिश्रमिकको ८.३३% थप गर्नुपर्ने) | १,०१३।७६ | | | ०.०८३३× १२,१७० | |
| ५ | दफा ५४ र दफा ५५ | सामाजिक सुरक्षा कोषमा योगदान (आधारभूत पारिश्रमिकको १.६७% रोजगारदाताले थप गर्नुपर्ने ) | २०३।२४ | | | ०.०१६७× १२,१७० | |
| ६ | दफा ४३ र दफा ४९ | घर बिदा (काम गरेको अवधिको २० दिनको १ दिनका दरले पारिश्रमिक) | ७०२।१२ | | | ३०/२०× ४६८।०८ | घर बिदा नब्बे दिन र बिरामी बिदा पैंतालीस दिन सञ्चित हुने श्रमिकले सो भन्दा बढी अवधिको बिदाको निजको आधारभूत पारिश्रमिकको दरले हुन आउने रकम पाउनेछ । |
| ७ | दफा ४४ | बिरामी बिदा (वार्षिक १२ दिन पारिश्रमिक) | ४६८।०८ | | | १×४६८।०८ | |
| ८ | दफा ३७ | चाडपर्व खर्च (प्रत्येक वर्ष १ महिनाको आधारभूत पारिश्रमिक बराबर) | १,०१४।१७ | | | १२,१७०/१२ | |
| | | जम्मा (ख) | ४,६१८।३७ | | | | |
| ग | श्रमिकहरुको मासिक पारिश्रमिक र सेवा सुविधा गरी कुल जम्मा (क+ख) | | २४,१६८।३७ | | | प्रचलित कानून बमोजिम कर बाहेक | |
| घ | सार्वजनिक बिदा र सासाहिक बिदाको दिन पनि काम गर्ने श्रमिकको हकमा | | | | | | |
| ९ | दफा ३०, दफा ३१, दफा ४० र नियम २० | ४ ओटा सासाहिक बिदाको थप | २,८०८।४८ | | | ४×१.५×४६८।०८ | रोजगारदाताले श्रमिकलाई दफा ३० बमोजिम बढी समय काममा लगाउँदा नियमित रुपमा काम गर्दा पाउने आधारभूत पारिश्रमिकको डेढी पारिश्रमिक दिनु पर्नेछ । |
| १० | दफा ३०, दफा ३१ र दफा ४१ | वार्षिक १३ दिन सार्वजनिक बिदा बापत मासिक रु. | ७६०।६३ | | | १३×१.५×४६८।०८/१२ | |
| ङ | सार्वजनिक बिदा र सासाहिक बिदाको दिनमा समेत काम गर्नुपर्ने श्रमिकको लागि प्रति श्रमिक जम्मा(ग+घ) | | २७,७३७।४८ | | | | |
| च | बढी समय काममा लगाउनका लागि | | | | | | |
| ११ | दफा २८, दफा ३० र दफा ३१ | बढी समय काम गरे बापत प्रति घण्टा थप रकम | ९३।६२ | | | १.५*६२.४१ रोजगारदाताले श्रमिकलाई दफा ३० बमोजिम बढी समय काममा लगाउँदा नियमित रुपमा काम गर्दा पाउने आधारभूत पारिश्रमिकको डेढी पारिश्रमिक दिनु पर्नेछ । | |

१. प्रचलित कानून बमोजिम लाग्ने कर प्रस्तुत दररेट बाहेक हुनेछ ।

२. पोशाक खर्च तथा आपूर्तिकर्ताको सेवा शुल्क प्रस्तुत दररेट बाहेक हुनेछ ।

३. श्रम ऐन, २०७४ को दफा ४५ बमोजिम प्रसुति बिदा र दफा ४८ बमोजिम किरिया बिदा बापतको श्रमिकले पाउनुपर्ने सुविधा प्रस्तुत दररेट बाहेक हुनेछ ।

नोटः-

| | |
|---|---|
| क. | एक महिनामा श्रमिकहरुले पाउने ४ वटा सासाहिक बिदा घटाएर कुल कार्य दिन २६ हुने र दैनिक रकमको लागि आधारभूत पारिश्रमिक र महंगी भत्तालाई २६ ले भाग गर्ने । |
| ख. | एक दिनमा श्रमिकले लगातार ५ घण्टा काम गरेपछि आधा घण्टा आरामको समय पाउने भएकोले एक दिनमा कुल कार्य घण्टा ७.५ घण्टा हुने र प्रति घण्टाको रकमलाई आधारभूत पारिश्रमिक र महंगी भत्तालाई ७.५ ले भाग गर्ने । |
| ग. | रोजगारदाताले श्रमिकलाई प्रतिदिन आठ घण्टा र एक हप्तामा अठ्चालीस घण्टाभन्दा बढी समय काममा लगाउनु परेमा प्रतिदिन चार घण्टा र एक हप्तामा चौबीस घण्टाभन्दा बढी नहुने गरी लगाउन सकिनेछ । |
| घ. | श्रमिक आपूर्तिकर्ता मार्फत श्रमिक आपूर्ति गर्ने, गराउने गरी कुनै किसिमको प्रस्ताव वा बोलपत्र आह्वान गर्दा "नेपाल सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन, २०७४ को दफा १०६ बमोजिम न्यूनतम पारिश्रमिक नेपाल राजपत्रमा प्रकाशन गरेको खण्डमा सोही बमोजिम हुने" विषय उल्लेख गर्नुपर्नेछ । |

निर्देशक (प्रा.)

महानिर्देशक